शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

**गौतमबुद्ध सन्देश दैनिक**
**पढौ । हरेक दिन ...**

- ग्राहक बन्नु परेमा
- पत्रिका नआएमा ।
- विज्ञापन प्रकाशन गर्नुपरेमा ।
- सूचना एवं जानकारी दिनु परेमा ।

**सिधा सम्पर्क:**
प्रधान कार्यालय, भैरहवा
फोन नं. ०७१-५२४३३०

वर्ष ७ । अङ्क : ३९ २०७८ वैशाख १४ गते मङ्गलबार । 27 April 2021, Tuesday पृष्ठ सङ्ख्या : ४ मूल्य रु.: ५/-

# फरक तरिकाले बुद्धजयन्ती

**गौतमबुद्ध सन्देश**

भैरहवा, १३ वैशाख ।

कोरोना भाइरस संक्रमणको जोखिमका कारण यसपटक २५६५ औं बुद्धजयन्ती तथा लुम्बिनी दिवसको कार्यक्रम पनि विगतको भन्दा फरक प्रकृतिको हुने भएको छ ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेश कुमार त्रिपाठी (भिक्षु मेत्तय) का अनुसार कोभिड-१९ को कारण ज्यान गुमाएका विश्वभरीका मृतकहरुको स्मृतिमा लुम्बिनीमा आगामी जेठ १२ गते दीप प्रज्वलन गरिने तयारी भइरहेको छ। उपाध्यक्ष त्रिपाठीले भने 'भगवानको शिक्षा नै दुःख आर्यसत्यबाट सुरु भएको छ । यति बेला कोरोनाको कारण संसार दुःखमा छ। हामी दुःखमा रहेको संसारलाई कसरी पीडामुक्त गर्न सकिन्छ भन्ने विषयमा सोचिरहेका छौं ।' मृतकको नाममा दीप प्रज्वलन गर्ने, परित्राण पाठ गर्ने, संघदान गर्ने जस्ता आध्यात्मिक कार्यक्रम कोषले गर्ने गरी यस पटकको बुद्ध जयन्तीको कार्यक्रम बनाइरहेको उनले बताए।

उनले भने, 'सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई अपनाउँदै भौतिक उपस्थिति अत्यन्तै कम गरेर लुम्बिनीमा कार्यक्रम गर्नेछौं । हाा डिजिटल प्रविधिको प्रयोगमार्फत विश्वभरीका श्रद्धालुहरुलाई कोरोनाको पीडाबाट नआत्तिन, मनोबल उच्च बनाउन सकारात्मक सन्देश दिने तयारीमा छौं ।'




यसैबीच लुम्बिनी विकास कोषले बुद्धजयन्तीको सन्दर्भमा सरोकारवालासंग सुझाव संकलन सुरु गरेको छ । कोरोना संक्रमणको कारण भौतिक रुपमा ठूलो संख्यामा उपस्थित भएर कार्यक्रम गर्न कठिन हुने भएपछि वैकल्पिक उपायमार्फत बुद्ध जयन्ती मनाउन सकिने गरी सरोकारवालाले सुझाव दिइरहेको विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले बताए । शाक्यका अनुसार कोषले आइतबारदेखि सरोकारवालासंग सुझाव लिन थालेको हो ।

यसैबीच आइतबार बिहान कोषले लुम्बिनी क्षेत्रका पर्यटन व्यवसायीका प्रतिनिधिसंग छलफल गरेको थियो । उक्त छलफलमा पर्यटन व्यवसायीहरु गोविन्द ज्ञवाली, लिलामणी शर्मा, हेम विष्ट, शेखर कार्की लगायतले बुद्ध जयन्तीलाई साप्ताहिक रुपमा मनाउने र हरेक दिन थोरै थोरै संख्यामा मानिसहरु उपस्थित हुने गरी पुजाआजा गर्नु उपयुक्त हुने सुझाव दिएका छन् ।

त्यसै गरी आइतबार नै कोषले नेपाल पत्रकार महासंघ रुपन्देहीका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुसंग छलफल गरेको छ । छलफलमा महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखरेलले आसन्न बुद्धजयन्तीमा मिडियाको उपयोग अधिकत्तम गरेर बुद्ध, धर्म र संघको प्रचारप्रसारमा बढी लाग्नुपर्नेमा जोड दिएका छन् ।

त्यस्तै नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश सदस्य बिन्दु कुमार चौहानले बुद्ध जयन्तीको दिन घरघरमा दीप प्रज्जवलन गर्नुपर्ने बताए । उनले लुम्बिनी विकास र स्थानीयबीचको सम्बन्ध प्रगाढ बनााउनुपर्नेमा जोड दिए ।

महासंघका जिल्ला उपाध्यक्ष विश्वास ढकाल, सचिव विनोद परियार, कोषाध्यक्ष सञ्जय सौगात, कार्यसमिति सदस्य थानेश्वर घिमिरे (नविन), राधेश्याम विश्वकर्मा, शंकर प्रसाद पाण्डे, टंक सुनार, लुम्बिनी प्रेस क्लब रुपन्देहीका कार्यसमिति सदस्य रबिन्द्र प्रताप गुप्ता लगायतले कोभिढको कारण चौतर्फी रुपमा त्रास फैलिएको हुँदा मानिसहरुको मनोबल उचो हुने गरी विभिन्न धार्मिक कार्यक्रम गर्न सके फलदायी हुने सुझाव दिएका हुन् ।

सो अवसरमा महासंघका नवनिर्वाचित अध्यक्ष, पदाधिकारी र सदस्यलाई लुम्बिनी विकास कोषले सम्मान समेत गरेको थियो ।

सुझाव संकलन कार्यक्रममा कोषका कोषाध्यक्ष सुरेन्द्रमुनि शाक्य, सदस्य सचिव सानुराजा शाक्य, कोषका कार्यकारी सदस्य श्रीराम यादव, योजना प्रमुख सरोज भट्टराई, कोषका परिषद सदस्य इन्साफ अलि, प्रशासन महाशाखा प्रमुख ज्ञानिन राई, सूचना शाखा प्रमुख डा. हरिध्वज राई, मिडिया कन्सलटेन्ट नरेश के.सी. लगायतले सरोकारवालासंग छलफल गरिरहेको कोषका सूचना अधिकृत राजन बस्नेतले जानकारी दिए ।

# जोखिम बढेसंगै रेसुङ्गामा पाँचदिन विद्यालय बन्द

**अनिल खत्री**

गुल्मी, १३ वैशाख ।

कोरोना भाइरस संक्रमण जोखिम बढेसंगै गुल्मी जिल्लामा विद्यालयहरु बन्द हुन थालेका छन् । जिल्लाको रेसुङ्गा नगरपालिकाले विद्यार्थीहरुको स्वास्थ्यलाई मध्यनजर गदै ५ दिनसम्म शैक्षिक क्रियाकलाप बन्द गर्ने निर्णय गरेको छ ।

नगरप्रमुख डिल्लीराज भुसालको अध्यक्षतामा बसेको बैठकले कोरोना भाइरसको संक्रमणदर बढेको भन्दै नगरभित्रका विद्यालयहरु बन्द गर्ने निर्णय गरेको छ । वैशाख १३ देखि १७ गते सम्म रेसुङ्गा नगरपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयको प्रशासनिक तथा पठनपाठन कार्य बन्द हुने रेसुङ्गा नगरपालिका शिक्षा शाखा अधिकृत विष्णु ज्ञवालीले बताए ।

नगरपालिकाभित्र परीक्षा संचालन गर्न विद्यालयका प्रधानाध्यापकले सुझाव दिए पनि संक्रमण बढी रहेकाले परीक्षा संचालन गर्न नसकिएको ज्ञवालीले बताए । वैशाख १७ गतेपछि संक्रमणको अवस्था हेरेर परीक्षा संचालन गर्ने की नगर्ने भने विषयमा छलफल हुने ज्ञवालीले बताए । जिल्लामा संक्रिय संक्रमितहरु ४७ जना रहेका छन । अहिलेसम्म कोरोना संक्रमितको संख्या १ हजार ५ जना पुगेको छ । त्यस्तै जिल्लामा १५ जना कोरोना संक्रमितको मृत्यु भइसकेको छ ।

# होटललाई आइसोलेशन र क्वारेन्टिन बनाउँछौं : होटल व्यवसायी संघ

बुटवल, १३ वैशाख । (गौबुस)

होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीले कोभिड-१९ को दोस्रो चरणको महामारी फैलदै गएसंगै जिल्लाका चारसय बढी होटलहरुलाई आइसोलेशन र क्वारेन्टिन बनाउनका लागि राज्यलाई सहयोग गर्न तयार रहेको जनाएको छ ।

संघले कोरोनाविरुद्धको स्वास्थ्य मापदण्ड अपनाएर एक हजार बढी कोभिड संक्रमितहरुलाई राख्न सक्ने गरी तयारी गरेको जनाएको छ । संघको पदाधिकारीको आकस्मिक बैठकले सरकारलाई आवश्यक परेका जिल्लाका होटलहरु उपलब्ध गराउन सक्ने निर्णय गरेको हो ।

संघका अध्यक्ष राम प्रसाद गौतमले कोभिडको महामारीमा व्यवसायीहरुलाई राहात प्रदान गर्न सरकारले गत वर्ष नै घोषणा गरेको व्यवसायीहरुलाई विद्युत डिमाण्डको चार्ज मिनाहा गर्ने निर्णय गरे तापनि विद्युत प्राधिकरणले परिपत्र नआएको भन्दै व्यवसायीलाई छुट नदिएकोमा सरकारको ध्यान जान जरुरी रहेको औल्याए ।

संघले कोभिड महामारीमा अग्रपंक्तिमा खटिने होटल व्यवसायी र कर्मचारीलाई कोभिडविरुद्धको खोप उपलब्ध गराउन माग गर्ने निर्णय समेत गरेको छ । स्थानीय तहसंग सहकार्य गरी कोभिडविरुद्धको सचेतना

▶▶ बाँकी पृष्ठ ३ मा...

# तीन वर्षमा ४६ करोड किलो अक्सिजन आयात

काठमाडौं, १३ वैशाख । (गौबुस)

नेपालमा पछिल्लो तीन वर्षमा झण्डै ४६ करोड किलो तरल अक्सिजन आयात भएको पाइएको छ । भारत अमेरिका, चीन लगायतका मुलुकबाट पछिल्लो तीन वर्षमा उक्त परिमाणको अक्सिजन आयात भएको भन्सार विभागले जनाएको छ ।

आर्थिक वर्षमा २०७५/७६ देखि चालु आवको १० महिनासम्म ३४ करोड ४७ लाख रुपैयाँ बराबरको ४५ करोड ९९ लाख २१ हजार किलो अक्सिजन आयात भएको भन्सारले जनाएको छ । विभागका अनुसार आर्थिक वर्ष २०७५/७६ मा ६ लाख ९० हजार २१७ किलो अक्सिजन आयात भएको थियो भने २०७६/७७ मा ४ लाख ५५ हजार ७२५ किलो अक्सिजन नेपालमा भित्रिएको थियो ।

आर्थिक वर्ष २०७७/७८ को १० महिनामा ४५ करोड ८७ लाख ७५ हजार १५० किलो अक्सिजन आयात भएको विभागको विवरणमा देखिन्छ । नेपालमा भारत, चीन, स्वीटजरल्याण्ड र अमेरिकाबाट अक्सिजन आयात हुने गरेको भन्सारले जनाएको छ ।

कोभिड संकट गहिरिने संकेत बढ्दै गएपछि सरकारले भारतसँग आइतबार मात्रै तरल ग्यास लगायतको स्वास्थ्य सामग्री माग गर्दै पत्र पठाएको थियो ।

# भारतीयले नेपाली यातायात व्यवसायी समस्यामा

बुटवल, १३ वैशाख । (गौबुस)

ट्रक व्यवसायीहरुले भारतीय ओभरलोड सवारीसाधनका कारण नेपालका यातायात व्यवसायी समस्यामा परेको गुनासो गरेका छन् । पश्चिमाञ्चल यातायात व्यवसायी समितिको आयोजनामा लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सन्तोष कुमार पाण्डेय र राज्यमन्त्री सुमन शर्मा रायमाझीको स्वागत कार्यक्रममा बोल्दै व्यवसायीहरुले भारतीय ओभरलोड सवारीसाधनले ढुवानी व्यवसायी समस्यामा परेको र नेपालको सडक, पुलमा समेत क्षति पुर्याएको बताएका छन् । तर यसलाई रोक्न भने सरकारले कुनै चासो नदिएको उनीहरुको गुनासो छ ।

कार्यक्रममा बोल्दै भौतिक पूर्वाधार विकास मन्त्री पाण्डेयले ओभरलोड गाडीको समस्या पहिलेदेखि नै नेपालमा कायम रहेको बताउँदै उनले आफु मन्त्री हुनेबित्तिकै तत्काल हटाउन नसक्ने र यसको लागि पहल गर्ने बताए ।

नेपाल ट्रक व्यवसायी महासंघका निर्वतमान अध्यक्ष अर्जुन रानाभाटले भारतीय मालवाहक सवारीसाधन नेपालमा निर्वाध रुपमा चल्न पाउने व्यवस्था नेपाली व्यवसायीको लागि घातक सावित भएको बताए । नेपालमा ७० हजार ट्रक रहेको र भारतीय गाडी नेपालमा चल्दा ५० प्रतिशत व्यवसायी कामबिहिन बनेको उनले गुनासो गरे । पश्चिमाञ्चल यातायात व्यवसायी समितिका पूर्वअध्यक्ष गुप्त बहादुर केसीले स्वदेशका ट्रकले ओभरलोड बोक्दा कारवाहीको भागिदार हुनुपरेको तर भारतीय ट्रकले ओभरलोड बोक्दा समेत सरकारले कुनै कारवाही गर्न नसकेकोमा गुनासो पोखे ।

त्यस्तै पश्चिमाञ्चल यातायात ब्यवसायी समितिका अध्यक्ष यम प्रसाद पाण्डेयले यातायात क्षेत्रको अधिकार अहिले प्रदेश सरकारलाई आएको हुँदा प्रदेश सरकारले व्यवसायीका समस्याको समाधान गर्ने विश्वास व्यक्त गरे ।

## "सिद्धार्थनगर नगरपालिकाको नगरवासीहरुमा अनुरोध"

शान्तिका अग्रदुत भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वारको रुपमा रहेको यस पर्यटकीय नगरी सिद्धार्थनगरलाई व्यापारिक, औद्योगिक केन्द्रको रुपमा स्वच्छ सफा हराभरा राख्नु हामी सम्पूर्ण नगरवासीको कर्तव्य हो । हामी सबैले निम्न दैनिक गतिविधिमा ध्यान पुऱ्याई नगरको विकासमा सहयोग पुर्‍याउन सिद्धार्थगर नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

(१) यातायात एवम् आवागमनमा अवरोध हुने गरी सडक तथा सडक पेटीमा मा निर्माण सामग्री नराखौं ।
(२) सडकको दायाँ बायाँ नाली र पेटी माथि सामानहरु जथाभावी राखी बेच विखन गर्ने गर्दा सर्वसाधारणलाई हिड्डुल गर्न असजिलो हुनुका साथै दुर्घटना हुन सक्ने हुँदा नाली र पेटी अतिक्रमण हुने गरी सामान नराखौ ।
(३) आफ्नो घर तथा पसलबाट निस्कासित फोहोर नगरपालिकाले तोकेको स्थान र समयमा राख्ने गरौं ।
(४) गाईगोरु, बाख्रा, सुंगुर, बुंगुर तथा अरु चौपाया जनावरहरु सडकमा छाडा छाडी दिंदा सवारी दुर्घटना भई अकालमा ज्यान जाने भएको हुँदा चौपायाहरु छाडा नछाडौं ।
(५) नगरवासीले तिरेको करबाटै नगरको विकास निर्माण कार्य हुने भएको हुँदा आफूले तिर्नु पर्ने कर समयमै बुझाऔं ।
(६) रुख रोपौं वातावरणको संरक्षण गरौं ।
(७) नगरपालिकामा दर्ता नभएको व्यापार व्यवसाय उद्योग तथा फर्महरु तुरुन्त दर्ता गरौं ।
(८) खुल्ला स्थानमा बिक्री वितरण भएका खाद्य पदार्थले जनस्वास्थ्यलाई असर पार्ने भएकोले सुरक्षित र स्वस्थ खाद्य पदार्थ मात्र बिक्री वितरण गरौं ।
(९) पोलिथिनका झोलाको प्रयोगलाई पूर्ण रुपमा निरुत्सहित गरौं ।
(१०) खुल्ला स्थानमा दिशा पिसाब नगरौं । चर्पीमा मात्र दिसा पिसाव गर्ने गरौं ।

**अनुरोधक**

**सिद्धार्थनगर नगरपालिका कार्यालय**
e}xjf, ?kGb]xL

गौतमबुद्ध सन्देश
www.gautambuddhasandesh.com
राष्ट्रिय दैनिक

## सम्पादकीय

# मानव बेचबिखन रोकथाम

मानव बेचबिखन तथा ओसारपसार जघन्य अपराध हो। कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिमबाहेक मानिसको अंग झिक्ने, वेश्यागमन गर्ने कार्य मानव बेचबिखन हो । त्यस्तै किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले, कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफुसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने मानव ओसारपसार हो।

खुल्ला सीमामा निर्वाध प्रवेशको छुट, बेचबिखनका लागि दलालहरुले नयाँनयाँ स्वरुप तथा शैलीहरु परिवर्तन गरिरहनु, महिला तथा बालबालिकाहरुमाथि हुने घरेलु हिंसा जस्ता समस्यामा कमी नहुनु, सीमावर्ती शहर नजिकै नेटवर्किङ कम्पनी र अर्केष्टा जस्ता बैण्डहरु खोलिनु, मुख्य नाकाहरुमा सरकारी संयन्त्रबाट अनुगमन नहुनु, नेपालका विभिन्न भागहरुबाट धेरै महिलाहरु भारतीय नाका हुँदै खाडी मुलुकतर्फ जाने प्रवृत्ति मानव बेचबिखनका प्रमुख कारणहरु हुन।

मानव बेचबिखनको रोकथामको लागि समाजमा जनचेतना फैलाउन जरुरी छ। विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनुपर्छ। पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरुलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन आवश्यक छ। रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ। शंकाष्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको वारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकता अनुसार सम्वन्धित निकायसँग समन्वय गर्नुपर्छ। मानव बेचबिखन रोकथामको लागि राज्यले एकीकृत योजना बनाउनुपर्छ। यस विषयमा राज्यलाई ध्यानाकर्षण गराउन गैरसरकारी संघ-संस्था तथा सञ्चार माध्यमले विशेष पहल गर्नुपर्छ। मानव बेचबिखन तथा ओसारपसारमा संलग्न दोषीहरुलाई कानूनी दायरामा ल्याउनुपर्छ।

चेलिबेटी बेचबिखनलाई अन्त्य गर्ने लक्ष्यका वि.सं २०४९ सालमा स्थापना भएको माइती नेपालले पछिल्लो पाँच वर्षको अवधिमा १ हजार ५ सय ७० जनाको उद्दार गरेको छ। सीमा क्षेत्रबाट १ हजार ४ सय ४४ र भारतबाट १२६ जना महिला तथा बालबालिकाको माइती नेपालले उद्दार गरेको हो। सोही अवधिमा मानव बेचबिखनसम्बन्धि २० वटा मुद्दा दर्ता भएका छन् । मानव बेचबिखन तथा ओसारपसार रोकथामको लागि कार्यरत सबै संघ-संस्थाहरु हातेमालो गर्दै अगाडी बढ्नुपर्छ।

# बासँग भयङ्कर भिडन्त



शोभाकान्त नेपाल

## स्मरण

अनेरास्ववियु (एकताको पाँचौ) को छैटौं अधिवेशन २०३८ चैत्र १०/१२ सम्म काठमाडौंमा हुने निर्णय भएछ । अनन्त मरासिनी, टेक प्र. देवकोटा लगायतका विद्यार्थी नेताहरू तानसेनबाट म पढ्ने स्कुलमा आउनुभयो र उक्त युनियन समर्थक विद्यार्थीहरूको भेला गराउनुभयो । उक्त भेलाले मेरो अध्यक्षतामा प्रा.क. सौभाग्य मा.वि., चिदीपानी पुनर्गठन भयो । केन्द्रीय अधिवेशनका प्रचारप्रसार सामाग्री/सहयोग रसिद छोडेर अधिवेशनमा जान निम्तो दिएर जानुभयो । सबै तयारी पूरा भयो । फागुनको पहिलो हप्तामा हाम्रो फेदीमा रहेको देशभक्त युवा क्लबको समन्वयमा हाम्रोतिरका धेरै नै विद्यार्थीहरूको भेला भयो र सबैजसो साथीहरूसहित म पनि उक्त अधिवेशनमा जाने निर्णय भयो । जाने अन्तिम दिनसम्ममा कुनै पनि साथीहरू जाने हुनुभएन, घर परिवारको दबाबमा । म जाने नै अडानमा रहें । जि.क.ले मलाई पर्यवेक्षक रूपमा लाने निर्णय गरेछ, प्रतिनिधिभएको भए खर्च जि.क.ले नै खर्च व्यहोर्ने रहेछ । खर्च मैले नै जुटाउनुपर्ने भयो । बा ले पनि अन्य साथीकाले जस्तै मलाई जान नदिन भएभरको प्रयास गर्नुभयो । स्कुलतिर दादागिरी गर्ने दाइ हुनुहुन्थ्यो, बा ले भान्जा भन्ने, उहाँलाई गुहार्न जानुभएछ बा, अन्य उपायहरूले काम नगरेपछि, भन्नुभएछ "भान्जा मेरो छोराको खुट्टा भाँचिदेउन, भाँचिएको खुट्टा त सन्चो हुनेछ तर नेपाल गएर जिउँदै आउँछ कि नाई ।" त्यसपछि त झन आपत मलाई, लुकेर हिड्नुपर्ने भयो । खर्च कसरी जुटाउने चिन्ता त छँदै थियो । "खाने मुखलाई जुँगाले छेक्दैन"/"तँ आँट म पुऱ्याउने छु" भने झैं मेरो भागमा परेको, पाठो बा ले भाकल गरिदिनुभएको बाख्रो मेरो प्रिय साथी जनक बस्यालजीले रू.१२०/ मा किनीदिनुभयो र बाटा खर्चको समस्या समाधान गरिदिनु भयो । मित्र जनकजीप्रति आजसम्म पनि म आभारी छु । बाटाखर्चको जोगाड भइसकेपछि म स्कुलमा जाँदा आँउदा भुमिगत जस्तै गर्दै अधिवेशनमा जाने दिनको प्रतिक्षामा बसें । मेरो आजसम्म पितृदेवताको रूपमा प्रतिरक्षा गरिरहनुहुने बा को मैले तत्कालीन अवस्थामा अल्पजोस/अल्पबुद्धिले हृदयमा चोट पुऱ्याएकोमा क्षमा याचना गर्दछु।

# शासकीय शैली र यसका चुनौती



श्यामप्रसाद मैनाली

नेपालमा २०४६ सालबाट नेपाली कांग्रेस र नेकपा एमालेकै विशेषगरी सत्तामा प्रभुत्व रहन पुग्दा प्रजातन्त्रको विकास उल्लेखनीय रूपमा हुन सकेन । विकास निर्माणका कार्यको गुणस्तरमा समेत प्रश्नचिह्न खडा भयो। यही अवधिमा दुईवटा आमनिर्वाचनमा जनताको विश्वास प्राप्त गर्न नसकी नेकपाको सानो टुक्रा विध्वंशात्मक क्रियाकलापमा सहभागी भई देशमा द्वन्द्वको आमन्त्रण गर्दै समानान्तर सरकारसमेत गठन गर्ने हैसियतमा पुग्यो।

देशमा व्याप्त भ्रष्टाचार र आतंकवादले जनता आजित भइराखेको अवस्थामा तत्कालीन राजा ज्ञानेन्द्रले आफैं प्रधानमन्त्री बनी संसदवादी र द्वन्द्वरत पक्ष सबैलाई आतंकित बनाउँदै गर्दा यी आतंकित राजनीतिज्ञ आफ्नो अस्तित्व र भौतिक रक्षाका लागि छिमेकी राष्ट्रको सहयोग र समन्वयमा १२ बुँदे समझदारी गरी संयुक्त रूपमा दोस्रो जनआन्दोलन २०६३ मा उत्रिए। सफल जनआन्दोलनले देशलाई संघीय लोकतान्त्रित गणतन्त्रको दिशातर्फ अभिमुख बनाई संविधान सभामार्फत गणतन्त्रात्मक लोकतन्त्र र अन्तरिम संविधानमा प्रथम संशोधनमार्फत संघीयतामा देश प्रवेश गऱ्यो । देश संघीय, लोकतान्त्रिक गणतन्त्र बनेपश्चात लोकतन्त्र र जनताका पक्षमा खासै प्रगति हुन सकेन। परिणामस्वरूप वर्तमान अवस्थामा देशले अवलम्बन गरिआएको राजनीतिक प्रणालीप्रति नै जनतामा वितृष्णाको अवस्था सिर्जना भइराखेको स्थिति छ । देशको राजनीतिले सामना गर्नुपरिराखेका चुनौती र यसको समाधान कसरी गर्न सकिन्छ ? यही विषयमा केन्द्रित रहेर यो आलेख तयार पार्ने प्रयास गरिएको छ।

आपसी सहयोग र सहकारितामा आधारित हुँदै शान्ति र लोकतन्त्रलाई सुदृढ बनाउँदै संघीयतालाई संस्थागत गर्नु नेपालको वर्तमान समयको सर्वोपरी प्राथमिकताको विषय हो। देशमा उपलब्ध हुने स्रोतसाधनको संघीय मूल्यअनुरूप उपयुक्त प्रकारले वितरण गर्दै सबै तह र प्रकारका सरकारका बीच सहकारिता, समन्वय र सहअस्तित्व कायम गर्नु यसको मूल उद्देश्य हो। देश संघीयतामा गइसकेपछि सार्वजनिक सेवा प्रवाहमा उल्लेखनीय सुधार गर्नु जरुरी हुन्छ। देशले अवलम्बन गरिआएको समावेशीकरणको नीतिलाई नतिजामा देखिनेगरी कार्यन्वयनमा जानुपर्ने अवस्था स्पस्ट छ । स्थानीय र आमनिर्वाचनको नतिजाबाट खासगरी दुई नम्बर प्रदेशमा प्राप्त अभिमतलाई दृष्टिगत गर्दा सघीय संरचनामा नै परिवर्तन गर्नुपर्ने अनुभूति हुन पुगेको छ। देश आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द्वबाट गुज्रिराखेको छ। वर्तमान समयको राजनीतिले यसलाई उपयुक्त प्रकारले सम्बोधन गर्न सकिराखेको देखिँदैन।

देशमा लोकतन्त्रलाई व्यवहार मै आत्मसात गरी शान्ति कायम गर्न सक्नु नै सर्वाधिक महत्वको विषय बनेको छ । देशमा सबै क्षेत्रमा राजनीतीकरण गरिँदा समस्याग्रस्त बन्दै गएको र यसले गर्दा शान्ति प्रक्रिया छायामा परिराखेको छ । संक्रमणकालीन न्याय देशको प्राथामिकतामा छैन । देशमा सुरक्षाको अवस्था सन्तोषजनक देखिँदैन । वर्तमान संविधान जारी गर्दाकै समयमा देशका नागरिकको एक हिस्साले अस्वीकार गरिदिएकाले संविधानमा सबैको स्वामित्व रहेको अवस्था देखिँदैन । यस शक्तिले न्यायोचित प्रतिनिधित्व र नागरिकताका मुद्दालाई सम्बोधन गर्न नसकेको, संघीय संरचना तयार पार्दा क्षमता र पहिचानलाई समेट्ने पक्षमा प्रश्नचिह्न खडा भएको, जनसंख्या र भूगोललाई सन्तुलन कायम गर्न नसकेको, धेरै मत ल्याउने विजयी हुने र समानुपातिक प्रतिनिधित्वको अनुपात न्यायोचित नभएको, राष्ट्रिय सभामा मनोनयन हुने सन्दर्भमा समावेशीकरणलाई गौण आँकलन गरिएको, प्राकृतिक स्रोतसाधन र राजस्वको बाँडफाड गर्ने प्रयोजनका लागि गठित आयोगले निर्धारण गरेका आधार पश्चात भएका वितरण संघीय मान्यतालाई आत्मसात गर्न नसक्ने देखिएका र यसमा आयोगको प्रभावकारितामा प्रश्न रहेको स्थितिले गर्दा सरकार र मधेसी शक्तिका बीच असन्तुष्टिको अवस्था सिर्जना भएको छ । यसबाट अन्ततः देशको शान्ति प्रक्रिया प्रभावित बन्न पुग्दछ र नागरिकको सुरक्षाको प्रत्याभूति गर्न नसकिने हुन्छ।

देश संघीयताको कार्यान्वयनमा गइरहँदा लामो समय देखिको केन्द्रीकृत मानसिकताबाट हाम्रा राज्नीतिज्ञ र समग्र सार्वजनिक संयन्त्र माथि उठ्न सकेका छैन । सबै प्रक्रिया र कार्यशैली केन्द्रीकृत देखिँदै छ तर संविधानले सबै तहका सरकारलाई अधिकार प्रदान गरेको छ। राजस्वसम्बन्धी अधिकारका साथै कराधिकारका सम्बन्धमा कार्यक्षेत्रमा दोहोरोपन छ । राजस्व संकलनका दृष्टिले सबल र दुर्बल सरकारका बीचको द्वन्द्वलाई संघीय सरकारले निराकरण गर्न महत्वपूर्ण भूमिका प्रदान गर्नुपर्नेमा संघीय सरकार आफैं द्वन्द्व सिर्जनाको कारण बन्ने प्रकारका क्रियाकलापमा अभ्यस्तता दिइराखेको उदाहरणसमेत प्रशस्त छन् । संघीयताको कार्यान्वयनलाई सहजता साथ निरन्तरता दिनका लागि आवश्यक पर्ने कानुनसम्म पनि सबै दिन सकेको अवस्था छैन । यस अवस्थामा देश गुज्रँदै जाँदा नेपालको संघीय संयन्त्रमा अपेक्षित क्रियाशीलता देख्न र महसुस गर्न सकिएको छैन । संघीय सरकार नै तल्लो तहका सरकारलाई सहजीकरण गर्न तत्परता नदेखाइराखेको अवस्थामा हामी संघीयताबाट अपेक्षित प्रतिफलको आशा गरिराखेको स्थिति छ।

नेपालको राजनीतिले देशलाई लोकतन्त्रको स्थायित्व प्रदान गरी आर्थिक समृद्धिका दिशामा अग्रसर हुनुपर्ने समय हो तर दलहरूभित्र आन्तरिक लोकतन्त्र प्रायः समाप्त हुँदै गएको छ। लोकतान्त्रिक विशेषतालाई समेटेर सरकार र जिम्मेवार दल प्रस्तुत हुन सकेका छैनन्। लोकतान्त्रिक स्थायित्वका लागि देशको संबिधानप्रति सबै जनताको स्वामित्वभाव प्राप्त गर्नु अत्यावश्यक हुन्छ। तर देशको जनसंख्याको सानो अंग यसलाई आत्मसात गर्न नसकी आफ्ना माग प्रस्तुत गरिराखेको छ। यसलाई सम्बोधन गर्न उनीहरूका मागका बारेमा गहन रूपमा छलफलमा बसेको अवस्था प्रस्ट हुन सकेको छैन।

यसले गर्दा संविधानको समर्थन गर्ने र विरोध गर्ने दुई समूह देशभित्र कायम रहिरहेकाले राजनीतिक स्थिरताको प्रश्न अलमलमा परेको छ । सरकारलाई समर्थन गर्न र सरकारमा सहभागिता दिन आफ्ना माग पूरा हुनुपर्ने आवाज यो दलले उठाइराखेको छ। यद्यपि व्यक्तिगत अभीष्ट पूरा गर्न लालायित हुँदै समयसमयमा सरकारमा सहभागिता दिने गलत संस्कारको विकास यी दलमा देखिँदा संविधान संशोधन जरुरी हो वा होइन ? दुविधाको अवस्था छ तर पनि यो जनसंख्याको हिस्सामा देखिएको असन्तुष्टिलाई तार्किक निष्कर्षमा पुऱ्याउन जरुरी हुन्छ। यो विषयलाई गौण आँकलन गरिँदा राजनीतिक स्थिरताको प्रश्न उठिरहने अवस्था छ।

यसका अतिरिक्त हरेक राजनीतिक दलभित्र देखिएको चरम गुटबन्दीले देशको राजनीतिक अस्थिरतालाई नै सहयोग पुगिराखेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संघीयताको मर्मअनुसार राष्ट्रमा उपलब्ध भएको स्रोतसाधनको बाँडफाँड गर्दा समानुपातिक र सन्तुलित विकासलाई पर्याप्त प्राथमिकतामा राख्न सक्नुपर्ने थियो। आयोग र सरकार दुवै यस मामिलामा आलोचित बनिराखेका छन् । प्रत्येक वर्षको बजेट रकमको विनियोजनको अवस्थालाई अध्ययन गर्ने हो भने शक्ति केन्द्रका नजिकरहेका विधान क्षेत्रमा ठूलो रकम गएको देखिन्छ । स्रोतसाधन कमी हुने वर्गमा रहेका सरकार यसबाट नराम्ररी प्रभावित बन्न पुगेका छन्। यो शैली केन्द्रीकृत शासनमा समेत उपयुक्त हुन्न तर हामीले संघीयतामा जाँदा यस प्रकारको गलत अभ्यास गरिराखेको अवस्था छ।

संघीयतामा प्रत्येक सरकार आफैंले कर्मचारीको व्यवस्थापन गर्न पाउने अधिकार प्रदान गरिएको हुन्छ । हामी केन्द्रबाटै कर्मचारीको खटनपटन गर्न अभ्यस्त रहेकाले कर्मचारी व्यवस्थापन होइन, समायोजन भएको छ । सरकारले आफ्नो आवश्यकताअनुसारका कर्मचारी प्राप्त गर्न नसकेको गुनासो गरिराखेको छ । जिल्ला समन्वय समिति अनिच्छित संस्थाका रूपमा अस्तित्वमा रहेका छन् । यसले आफ्नो भूमिका निर्वाह गर्न उपयुक्त प्रकारका अधिकार र स्रोतसाधन प्राप्त गर्न सकेको छैन । तर, यी निकायमा रहने विगतको जिल्ला विकास समितिको भूमिकामा रहन चाहेका छन्। संविधानतः यसलाई सरकारको रूपमा ग्रहण गर्न सकिँदैन । त्यसैले कमजोर छन् । यी निकायको उपादेयता स्पष्ट हुन सकेको छैन तर पनि अस्तित्वमा रहेकै छन्। संघीयतामा संस्कृति, जातजाति, भाषा, धर्म इतिहासलाई उच्च सम्मान दिई सबैलाई पहिचानको प्रत्याभूति गर्न सक्नुपर्दछ । यसलाई हाम्रो संघीयताले राम्ररी सम्बोधन गर्न सकेको छैन।

२१ औं शताब्दीमा लोकतन्त्रको बहुमतको शासनको मान्यतामा समेत परिवर्तन आई सबैको साझेदारीमा गरिने शासनले मान्यता पाइराखेको छ। पछिपरेका र पछि पारिएका समेतलाई सामाजिक न्याय प्रदान गर्दै समावेशीकरणको नीतिलाई आत्मसात गर्नुपर्ने र यथार्थतामा नै समानता कायम गर्न सक्नुपर्ने स्थिति छ। राजनीतिक क्षेत्रमा ३३ प्रतिशत आरक्षण दिएर महिलालाई उचित अवसर प्रदान गरेको उदाहरण नेपालले अन्तर्राष्ट्रिय जगतमा पस्किराखेको छ तर अध्ययन र विश्लेषणका कमीका कारण यस नीतिको व्यावहारिक कार्यान्वयनमा असहजता देखिँदै छ।

समानुपातिक प्रतिनिधित्वका आधारमा न्याय प्रदान गर्ने विषय प्रभावकारी हुन सकेन किनकि नेपालको जनसंख्याको १३.८ प्रतिशत हिस्सा दलितको भएकोमा राजनीतिमा ७ प्रतिशतको मात्र प्रतिनिधित्व देखिएको छ । यसैगरी उनीहरूका लागि छुट्याइएको १ सय ७५ स्थानमा दलितकै अभावका कारण उम्मेदवारी नै नपरी रिक्त रहेको अवस्था छ। समावेशीकरणले लक्षित गर्ने समूह विपन्न वर्गको ब्राह्मण हो वा होइन, धनी सम्पन्न दलितलाई सम्बोधन गर्नुपर्ने हो वा होइन अथवा यी दुवै समूहलाई सम्बोधन गर्नुपर्ने हो हामी प्रस्ट छैनौं । त्यसैले लक्षित वर्गका बारेमा पुनरावलोकन हुनुपर्ने अवस्था छ । सबैतिर प्रतिस्पर्धाले तीव्र रूपमा मान्यता पाइराखेको अवस्थामा समावेशीकरणबाट गुणस्तरमा समझदारी गरिँदै आएको आलोचना भइराखेको छ । यी सबै विषयलाई सम्बोधन गर्दै उचित व्यवस्थापनसहितको समावेशीकरण नीति अवलम्बन नभएमा यसले थप द्वन्द्व आमन्त्रण गर्दछ। नेपालको राजनीतिले यस सम्बन्धमा विशेष ध्यान दिनु जरुरी छ।

देशमा संघीयताले प्रादेशिक असन्तुलनलाई प्रोत्साहन गर्दै जाँदा संघीय शासन प्रणालीप्रति नै निराशा उत्पन्न हुने स्थिति छ। त्यसैले आयोगले स्रोतसाधनको संघीय मर्मअनुसार कम विकसित क्षेत्रमा धेरै र विकसित क्षेत्रमा थोरै रकम पठाउने सम्बन्धमा सरकारले अन्यथा निर्णय लिन नसक्नेगरी आधार तयार गरिदिनुपर्दछ । शान्ति सुरक्षाको संवेदनशीलतालाई मध्यनजर गर्दै दण्डहीनतालाई समूल नष्ट गर्ने सम्बन्धमा सबै दलका बीच मतैक्यता आवश्यक छ । अपराधीलाई राजनीतिले प्रयोग गर्ने गरीआएको वर्तमान अवस्थामा सुधार अत्यावश्यक छ । कानुनको समान प्रयोग सबैका लागि हुने परिस्थिति व्यवहारमा निर्माण गर्नुपर्दछ । देशले भ्रष्ट देशका रूपमा बनाएको पहिचानलाई समाप्त गर्न प्रधानमन्त्री, राष्ट्रपतिलगायत सबैलाई भ्रष्टाचारको कसुरमा अनुसन्धान गर्न पाउने अधिकार नियन्त्रक निकायलाई दिनुपर्दछ र प्रगतिशील कारबाहीको व्यवस्था गर्नुपर्दछ । संवैधानिक परिषद्को संरचनामा स्वतन्त्र विज्ञको बाहुल्यता रहनेगरी पुनरावलोकन गर्नुपर्दछ।

सामाजिक समावेशीकरणका लागि खुला छलफल गरी यसमा विज्ञको सहयोग भरपुर लिई प्राप्त सुझावलाई राज्यले ग्रहण गर्नुपर्दछ । विकासोन्मुख देश नेपालका लागि दाताहरूले राख्ने सर्तको स्वीकार गर्ने विषयले राष्ट्रिय प्राथमिकता र नीतिगत विषय विवादित बन्दै गएका छन् । यस प्रणालीमा सुधारको स्थिति नआउदासम्म देश समृद्धिको दिशामा अघि बढ्न सक्दैन। सबैभन्दा ठूलो समस्या सर्वत्र राजनीतीकरण भइराखेको वर्तमान अवस्थामा सुधार जरुरी छ । न्यायपालिका, सुरक्षा संयन्त्र, निजामती संयन्त्र सबैमा हुँदै आएको राजनीतिको अस्वस्थ प्रतिस्पर्धालाई शून्यमा राख्न सक्नुपर्दछ। नागरिक समाज र प्रबुद्ध वर्गलाई स्वतन्त्र अस्तित्वमा आई प्रभावकारी भूमिका प्रदानगर्न सक्ने अवस्था सिर्जना गर्न कानुनी र संस्थागत व्यवस्थापनको आवश्यकता पर्दछ। संघीय संरचना स्वीकार गरेपश्चात् राष्ट्रियता, क्षेत्रीय अक्षुण्णता, वैदेशिक नीतिजस्ता विषयमा अन्य सरकारको राय लिई संघीय सरकारले निर्णय लिन सक्दछ । बाँकी विषयमा सरकारलाई स्वतन्त्र रूपमा कार्य गर्न दिनुपर्दछ।

यी सबै विषयमा सक्रिय राजनीतिक दलका बीच उच्चस्तरको मतैक्यतासहित संकल्प आउनु अपरिहार्य भएको छ । संघीयताको अभ्यासका प्रारम्भिक दिनमै देखिएका असहज परिस्थितिले गर्दा देशले संगीन समस्याको सामना गरिराख्नुपरेको छ । प्रारम्भकै दिनमा सबै प्रकारका सरकारलाई सुशासनका दिशामा अभिमुख बनाई कार्यान्वयनमा जान सक्नुपर्दथ्यो तर हामी यसमा चुक्दै गएका स्थिति छ । यही कारणले गर्दा नेपालमा आर्थिक समृद्धिको विषयले जटिलताको अवस्थाको सामना गर्नु परिराखेको छ । अब कुनै दलको सरकार परिवर्तन हुनु र मन्त्रिपरिषद्का सदस्यको हेरफेरले अपेक्षित उपलब्धि हासिल गर्न सक्ने देखिँदैन।

समग्र कार्य प्रक्रिया र शासकीय शैलीमा ठूलो परिवर्तनको आवश्यकता देखिएको छ । यदि अब यस दिशामा नेपाली राजनीति अभिमुख हुन सकेन भने यहा अमूक राजनीति दल र व्यक्तिभन्दा पनि अवलम्बन गरिआएको राजनीतिक प्रणालीमा नै प्रश्न उठ्ने देखिँदै छ । यी सबै चुनौतीको उपयुक्त प्रकारले सामाना गर्दै सबै प्रकारका समस्याको लोकतान्त्रिक शैली र विज्ञको सहयोगबाट समाधान खोजिनुपर्दछ। अन्यथा देशको राजनीति र समग्र अवस्थामा नै नकारात्मक प्रभावपर्ने सुनिश्चित छ।

■■■

# तिलोत्तमामा झन्डै ८ हजारले भरे सुकुम्बासी फारम



**गौतमबुद्ध सन्देश**

तिलोत्तमा, १३ वैशाख।

रुपन्देहीको तिलोत्तमा नगरपालिकामा झण्डै ८ हजार जनाले भूमि सम्बन्धी समस्या समाधान आयोगको लगत संकलन फारम भरेका छन्। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको रुपमा सात हजार ९ सय १८ जनाले लगत संकलन फारम भरेको नगरपालिकाका शाखा अधिकृत माधवप्रसाद पोखरेलले जानकारी दिए।

तिलोत्तमाका ६१९ जनाले भूमिहीन दलित, एक हजार ७४० जनाले भूमिहीन सुकुम्बासी र ५ हजार ५५९ जनाले अव्यवस्थित बसोबासीको लगत संकलन फारम भरेका हुन्। नगरपालिकाले दिएको विवरण अनुसार सबैभन्दा बढी वडा नम्बर ११ बाट आयोगको लगत संकलन फारम भरिएको छ। यहाँ १८० जना भूमिहीन दलित, ५३५ जना भूमिहीन सुकुम्बासी र २ हजार ७६ जना अव्यवस्थित बसोबासी गरी दुई हजार ७९१ जनाले फारम भरेका छन्। यस्तै वडा नम्बर १२ बाट भूमिहीन दलित ८२, भूमिहीन सुकुम्बासी २१८ र अव्यवस्थित बसोबासी ७९६ गरी १ हजार ९६ जनाले फारम भरेका छन्।

वडा नम्बर ७ बाट ५६२, वडा नम्बर १० बाट ५५३, वडा नम्बर ४ बाट ५३३, वडा नम्बर ३ बाट ४५९, वडा नम्बर १४ बाट ४२३ जनाले आयोगको लगत संकलन फारम भरेको नगरपालिकाले जनाएको छ। वडा नम्बर १७ मा सबैभन्दा कम भूमिहीन दलित सात, भूमिहीन सुकुम्बासी १० र अव्यवस्थित बसोबासी ३२ गरी जम्मा ४९ जनाले फारम भरेका छन्। त्यस्तै वडा नम्बर २ मा ७४, वडा नम्बर ५ मा ७२। वडा नम्बर ९ मा ८१ जनाले आयोगको फारम भरेका छन्।

त्यसै गरी वडा नम्बर १ बाट १४१, वडा नम्बर ६ बाट ३१६, वडा नम्बर ८ बाट ३६६, वडा नम्बर १३ बाट १५९, वडा नम्बर १४ बाट ४२३, वडा नम्बर १५ बाट १०७ र वडा नम्बर १६ बाट १३६ जनाले आयोगको लगत संकलन फारम भरेका छन्।

तिलोत्तमा नगरपालिकाले भूमि सम्बन्धी समस्या समाधान आयोगको इकाई कार्यालय स्थापना गरेर आयोगको सूचना अनुसार माघ ९ गतेबाट लगत संकलन कार्य सुरु गरेको थियो। कतिपय वडाले टोल-टोलमै पुगेर लगत संकलनको काम गरेका थिए। त्यसको लागि सम्बन्धित वडा सचिवलाई जिम्मेवारी दिइएकोमा जनप्रतिनिधिहरुको साथैं वडास्तरीय सहजीकरण समितिको सहयोगमा लगत संकलन गरिएको थियो। वडाहरुबाट प्राप्त लगतलाई कम्प्युटरमा ईन्ट्री गर्ने, फाईल स्क्यानिङ गर्ने लगायतका काम अघि बढेको शाखा अधिकृत पोखरेलले जानकारी दिए। उनका अनुसार जग्गा नापजाँचको लागि आयोगले खटाएका सर्वेक्षक तथा अमिनबाट फिल्ड निरीक्षणको काम सकिएकोमा वडा नम्बर ११ मा कन्ट्रोल प्वाइन्ट स्थापनाको लागि पिलर समेत राखिँदैछ। फिल्ड कार्यको लागिको लागि आवश्यक उपकरणको व्यवस्थापन, नापजाँचको लागि जनशक्ति व्यवस्थापन भैसकेको नगरपालिकाले जनाएको छ। शाखा अधिकृत पोखरेलका अनुसार अमिन र सर्वेक्षक गरी १६ जनाको जनशक्ति नापजाँचको लागि खटिनेछ।

तिलोत्तमा नगरपालिकामा जनप्रतिनिधि आएसँगै भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न अव्यवस्थित बसोबासी तथा सार्वजनिक जग्गाको लगत संकलन गर्ने लगायतका कामलाई प्राथमिकता दिइएको थियो।

## मोक्षधाममा धार्मिकस्थलहरूको शिलान्यास

**गौतमबुद्ध सन्देश**

बुटवल, १३ वैशाख।

रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नम्बर ६ पश्चिम पहुनीमा रहेको मोक्षधाममा चार धामसहित नेपालका रामजानकी र लुम्बिनी बौद्ध स्तुपाको शिलान्यास गरिएको छ। पुराणमा उल्लेख भए अनुसार भारतका बद्रिनाथ, जगन्नाथ, रामेश्वरम र द्वारिका गरी चार धाम र नेपालका रामजानकी मन्दिर र लुम्बिनी बौद्ध स्तुपाको शिलान्यास गरिएको हो।

पूर्वाधार निर्माणमा एक अर्ब भन्दा बढी लागत अनुमान गरिएको मन्दिरहरुको प्रतिनिधिसभा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक तथा पूर्वमन्त्री बालकृष्ण खांण, तिलोत्तमा नगरपालिकाका प्रमुख बासुदेव घिमिरे, श्री १००८ स्वामी ज्ञानानन्द सरस्वतीजी महाराज र श्री १००८ स्वामी विवेकानन्द सरस्वतीजी महाराज लगायतले संयुक्त रुपमा शिलान्यास गरेका हुन्।

त्यस अवसरमा बोल्दै खांणले मोक्षधामको पूर्णताले त्यस क्षेत्रको मात्रै नभएर सिंगो रुपन्देही र आसपासका जिल्लाको धार्मिक पर्यटन प्रवर्द्धन गर्ने विश्वास व्यक्त गरे।

रुपन्देही जिल्लाको धार्मिक पर्यटनलाई केन्द्रमा राखेर पृथ्वीमा स्वर्गको अभाष हुने परिकल्पना गरिएको मोक्षधाममा ती धामसहित विभिन्न देवी देवताका विग्रहरु स्थापित गरिने मोक्षधाम सेवा आश्रमका अध्यक्ष रोमणी प्रसाद पाठकले जानकारी दिए।

ती ६ वटा धाम निर्माणको लागि करिब १ अर्ब भन्दा बढी लागत लाग्ने अनुमान गरिएको छ। शिलान्यास कार्यक्रममा सन्त महन्त, जनप्रतिनिधि, राजनीतिज्ञ, समाजसेवी, व्यवसायी, उद्योगी तथा भक्तजनहरुको सहभागिता रहेको थियो।

त्यसै गरी निर्माणसम्पन्न भएको मुक्तिनाथ मन्दिर, १ हजार १०८ शिवलिंग द्वादश ज्योतिर्लिङगसहित विश्वनाथ पशुपतिनाथ मन्दिर, सन्त निवास (सत्संग कक्ष) भवन, बृद्धा तथा बाल आश्रम, सभा हलको समेत उद्घाटन गरिएको छ। अनेकौं देवीदेवताहरुको विग्रह स्थापना गरी शनातन वैदिक धर्मावलम्बीहरुको पवित्र तीर्थस्थल निर्माण गर्ने उद्देश्यले २०६८ सालमा मोक्षधामको परिकल्पना गरिएको थियो।

२०७२ देखि निर्माण सुरु गरिएको मोक्षधाम सेवा आश्रममा हालसम्म राधाकृष्ण मन्दिर, सत्संग हल, द्वादश ज्योतिर्लिंग तथा १ हजार १०८ शिवलिङ्ग स्थापना सहितको विश्वनाथ मन्दिर, होवनकुण्ड, अमृत कुण्ड, बाल तथा बृद्धाश्रम, मुक्तिनाथ मन्दिर, सभाहल निर्माण गरिसकिएको छ। जसमा भौतिक पूर्वाधार निर्माणमा मात्रै सरदर ६ करोड रुपैयाँ खर्च भएको मोक्षधाम सेवा आश्रमका कोषाध्यक्ष नारायण वञ्जाडेले बताए।


## हार्दिक समवेदना



**स्व. चन्दन यादव**

हाम्रा शुभेच्छुक दाजु माननीय प्रमोद यादवज्यूका साला तथा भाउजू काजल यादवज्यूका कान्छा भाइ चन्दन यादवको अल्पायुमै भएको असामयिक निधनको खबरले हामी स्तब्ध भएका छौँ। यस दुःखद् घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सुनिल सेन्चुरी/अमित सेन्चुरी
(एवं)
**वि.के. ज्वेलर्स परिवार**
भैरहवा, रूपन्देही


## शिक्षक आवश्यकता सम्बन्धी सुचना

प्रस्तुत विषयमा यस श्री सामकोट आधारभुत विद्यालय सि.न.पा १० सामकोट अर्घाखाँचीमा रिक्त प्रा.वि.तृतिय श्रेणी तहको शिक्षक अस्थायी करारमा नियुक्ती गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिक बाट दरखास्त आह्वन गरिन्छ।

तपशिल

१विज्ञापन नं.४३४/०७७/२०७८
२.पद :शिक्षक
३.तह:प्रा.वि तृतिय
४.किसिमः अस्थायीक करार (महिला)
५.आवेदन दस्तुरः१०००(एक हजार मात्र)
६.उमेरः१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७.शैक्षिक योग्यताः प्रविणता प्रमाणपत्र तह वा सो सरह
८.दरखास्त दिने अन्तिम मितिः२०७८/०१/२७ गते सम्म
९.सम्पर्क मितिः २०७८/०१/२८
१०.सम्पर्क मिति :परीक्षा मिति र केन्द्र सम्पर्क मितिमा तोकिनेछ।
११.परीक्षाको किसिमः लिखित र अन्तरवार्ता
१२.पाठयक्रमः शिक्षक सेवा आयोगले तोके बमोजिम
१३.पारिश्रमिकः नेपाल सरकारको प्रचलित नियमअनुसार
१४.आवश्यक कागजातहरु
क .नेपाली नागरिकताको प्रतिलिपी
ख.स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी
ग.न्युनतम शैक्षिक योग्यतको प्रमाणपत्रको प्रतिलिपी
थप जानकारी लागि सम्पर्कः
प्रअः९८६०१४३०४४ अध्यक्ष ९८४९१२०२५६

## तिलोत्तमा र लुम्बिनी खुकरी सेमिफाइनलमा

भैरहवा, १३ वैशाख। (गौबुस)

तिलोत्तमा क्रिकेट क्लब र लुम्बिनी खुकुरी क्रिकेट क्लब भैरहवामा जारी स्टडील्याण्ड टी-१० क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। सोमबार तिलोत्तमाले तिरुपति क्रिकेट क्लबलाई १५ रन र लुम्बिनी खुकुरीले प्रोफेसनल मास्टर्स-११ लाई ७ विकेटले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेका हुन्।

सिद्धार्थ रंगशालमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको तिलोत्तमाले ४ विकेटको क्षतिमा ९९ रन बनायो। उसका लागि कृष्ण कार्कीले ३५, संदीप केसीले नटआउट ३३ र मनोज सुनारले २८ रन जोडे। बलिङमा तिरुपतिका अमृत गुरुङ, बसिर अहमद र तुलबहादुर थापाले १/१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको तिरुपति ५ विकेटको क्षतिमा ८४ रनमै रोकियो। उसका लागि अजय कौशिल्याले ३०, तुलबहादुर थापाले १७ र बसिर अहमदले १६ रन जोडे। बलिङमा तिलोत्तमाका कृष्ण पराजुलीले ३, मनोज सुनार र यम क्षेत्रीले १/१ विकेट लिए। कृष्ण पराजुली म्यान अफ द म्याच भए।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको प्रोफेसनलले ६ विकेटको क्षतिमा ५४ रन बनायो। उसका लागि प्रमिश थापाले नटआउट १६ रन बनाए पनि अन्य ब्याट्सम्यानले दोहोरो रन जोड्न सकेनन्। बलिङमा लुम्बिनी खुकुरीका साहव आलमले ३, सन्तोष यादव, अजय लोनिया र रोशन थामीले १/१ विकेट लिए।

जवाफी ब्याटिङ गरेके लुम्बिनी खुकुरीले ७ ओभर १ बलमा ३ विकेटको क्षतिमा ५८ रन बनाउँदै जित निकाल्यो। उसका लागि शंकर रानाले १९, संदीप रजालीले नटआउट १८ र निश्चल चौधरीले १५ रन बनाए। बलिङमा प्रोफेसनलका अनिल जैसवालले २ तथा सिजन मकाजुले १ विकेट लिए। साहव आलम म्यान अफ द म्याच भए। मंगलबार मेमिफाइनलमा न्यू होराइजन क्रिकेट क्लब र लुम्बिनी खुकुरी तथा गोर्खा वारियर्स र तिलोत्तमा क्रिकेट क्लबबीच प्रतिष्पर्धा हुने आयोजक संस्था मेलवर्न क्रिकेट एण्ड स्पोर्ट्स क्लब (एमसीसी)ले जनाएको छ।

## होटललाई..

कार्यक्रम गर्न पनि संघ तयार रहेको बैठकले निर्णय गरेको छ। संघले कोभिड संक्रमित भएका एकहजार बढीलाई संघमा आवद्ध व्यवसायीको होटलमा न्युनतम शुल्कमा राख्न सक्ने गरी तयारी गरिएको र बैठकबाटै सो को निर्णय समेत गराएको महासचिव माधव कुमार खनालले बताए।

होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीमा १ हजार बढी व्यवसायी आवद्ध रहेको र करिब ४० अर्ब भन्दा बढी लगानी रहेको छ। पछिला दिनमा स्तरीय होटल तथा रिसोर्ट खोल्ने क्रम निकै बढे पनि कोरोनाको मारले व्यवसायीको लगानी धरापमा पर्न सक्ने भएकाले उनीहरुको लगानीका सुरक्षाका लागि सरकारले व्यवसायिक ऋणमा सहुलियत र व्याज मिनाहा जस्ता राहतका कार्यक्रम संचालन गर्न जरुरी व्यवसायीको माग रहेको छ।

## विमालेख हराएको सुचना

अर्घाखाँची जिल्ला सितगङ्गा नगरपालिका वडा नम्वर २ सीतापुर निवासी भोज बहादुर क्षेत्रीको नेपाल लाईफ इन्स्योरेन्स क.लि.को विमा लेख न.६४७७८१ सहितको फाईल सन्धिखर्क जाँदै गर्दा हराएको हुदा भेटाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा सम्बन्धित व्यक्तिको मोवाइल नम्वर ९८४८६३६५९६ मा सम्पर्क गरि बुझाउनु हुन अनुरोध छ।

## भूमिकास्थान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

*Website: bhumikasthanmun.gov.np*
*E-mail: bhumikasthanmunicipality@gmail.com*

प्रथम पटक प्रकाशित मिति २०७८/०१/१४

भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिलमा उल्लेखित सेनिटरी प्याड आपूर्ति कार्य सिलवन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक आपूर्ति कर्ताहरुबाट निम्न सर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मितिसम्म आ.व.२०७७/०७८ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित **सेञ्चुरी वैक हि.नं.०९०००००००५ जि.ई** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।दर्ता भएका दरभाउपत्रहरु उपस्थित दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ।

३. सिलबन्दी दरभाउपत्र फारामसाथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित **सेञ्चुरी वैक हि.नं.०९००००००४ जि.ई** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड दरभाउपत्र निम्नानुसारको **म्याद भएको बैंक ग्यारेन्टी** (**बिडबण्ड**) को सक्कल प्रति पेश गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र ९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६६६०६/९८५७०६९९९० मा सम्पर्क गर्न वा bhumikasthanmunicipality@gmail.com मा पठाउन सकिनेछ।

७. कामको विवरण दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | दरभाउपत्र दस्तुर रु. | विडबण्ड रकम रु. | विडबण्ड मान्य अवधि | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 80/BMA/G/SS/2077/078 | सेनिटरी प्याड आपूर्ति कार्य | १०००.०० | ३०००० | ७५ दिन | २०७८/०१/२८ कार्यालय समय भित्र | २०७८/०१/२९ १२:०० बजे सम्म | २०७८/०१/२९ दिउँ सो १:०० बजे |

# कोरोना प्रभावका बारेमा निजी क्षेत्रको धारणा



## नारायणप्रसाद भण्डारी

**अध्यक्ष : उद्योग व्यापार सङ्गठन रूपन्देही**

कोरोनाको दोस्रो लहर विशेष गरी भारतमा महावारीको रूप लिएको छ । नेपाल विशेष गरी तराईका जिल्लाहरू भारतसँग सीमा जोडिएका छन् । यहाँ बढी फैलिने सम्भावना छ र बढी रहेको छ यसलाई नियन्त्रण गर्नका लागि तुरुन्तै पहल गर्नुपर्छ।

नाका भन्सार र भित्री नाकाहरू पूर्ण रूपमा बन्द गर्नुपर्छ। भीडभाड हुने कार्यक्रम बन्द गर्नुपर्छ । विवाह पूजा आदिमा भिड छ यो हुनुहुँदैन स्कुल कलेज खेल सबै बन्दगर्नु पर्छ र कोरोनालाई नियन्त्रण गर्नुपर्छ । देशको आर्थिक क्षेत्र चलायमान गर्नुपर्ने भएको हुँदा उत्पादन र व्यापार रोक्नु हुँदैन र भिड नगरी स्वास्थ्य निर्देशिकाहरू पालना गरी सञ्चालन गर्नुपर्छ । बिस्तारै सजकता अपनाई कोरोनालाई जित्नुपर्छ । आत्मविश्वास बलियो बनाउनुपर्छ । पूर्ण लकडाउन नगरी आंशिक कडाइ गर्नुपर्छ यो हाम्रो विचार हो।



## भीष्मप्रसाद न्यौपाने

**अध्यक्ष : सिद्धार्थ उद्योग वाणिज्य सङ्घ, रूपन्देही**

सबैभन्दा पहिला हामी सबै आम नागरिक, उद्योगी व्यवसायीहरूले स्वयम् कोरोना सङ्क्रमणबाट बच्नका लागि मास्कको अनिवार्य प्रयोग, भौतिक दुरी कायम गर्ने तथा समय समयमा विधि पुऱ्याएर हात धुने वा स्यानिटाइजरको प्रयोग गर्दै आफ्ना दैनिक गतिविधिहरू सतर्कताका साथ अगाडि बढ्नुपर्ने हुन्छ । त्यस्तै राज्यबाट कोरोना सङ्क्रमण फैलिएको स्थानमा प्रभावकारी ढङ्गले द्रुत परीक्षण, तत्काल सर्वसुलभ रूपमा अक्सिजनको आपूर्ति, हस्पिटलमा बेडहरूको व्यवस्थापन, आइसोलेसन सेन्टरहरूको पुग्दो व्यवस्थापन गरी कोभिड विरुद्धको खोप आम नागरिकको साथै उत्पादन र वितरणमा खटिरहेका श्रमिक, कर्मचारीवर्गलाई लगाई निरन्तर उत्पादन र सहज आपूर्तिको वातावरण बनाउँदा मालवस्तुको अभाव हुन नगई आर्थिक क्षेत्र पनि चालयमान हुन सक्छ जसका लागि हामी निजी क्षेत्रको तर्फबाट स्थानीय सरकार, प्रशासनलाई के कसरी सहयोग गर्न सकिन्छ त्यसका लागि तयार छौँ।



## सञ्जीव रोका

**अध्यक्ष, सिद्धार्थ सार्वजनिक यातायात प्रा.लि., भैरहवा**

कोरोना कहरका कारण सबै क्षेत्र धराशायी भएको अवस्थामा यातायात क्षेत्र पनि यसबाट अछुतो छैन।

गत वर्षदेखि नै हामी यातायात व्यवसायीहरू धराशायी अवस्थामा पुगेका थियौँ । बैंकको किस्ता तिर्न नसकिएको र सरकारी तवरबाट पनि कुनै राहत नपाइरहेको अवस्थामा अब हामी यातायात सञ्चालन गर्न सक्ने अवस्थामा छैनौँ । यातायात व्यवसायीहरूलाई अब कसरी बाँच्ने भन्ने चिन्ताले सताउन थालेको छ । गत वर्ष पनि सरकारले कर र राजस्वमा कुनै सहुलियन दिन सकेन । कोरोनाको दोस्रो लहर चलिरहँदा सरकारले बैङ्कसम्बन्धी नीति ल्याएर बाटो देखाइदिन नसके हामी एकदमै मर्कामा पर्ने अवस्थामा छौँ।



## गणेश प्रसाद बेल्वासे

**अध्यक्ष : होटल तथा रेष्टुरेण्ट व्यवसायी सङ्गठन रूपन्देही**

विश्वमा महामारी को रूपमा फैलिएको कोभिड-१९ का कारण नेपाल पनि अछुतो रहन सकेन । ठुलो मानवीय क्षति हुनुका साथै देशको अर्थतन्त्र नै धरासाय भएको छ। विशेष गरेर होटल पर्यटन क्षेत्र टाट पल्टीरहेको अबस्थामा केही समय पछि ब्यवसायीहरुले ब्यवसाय सुरु गरे पनि व्यापार नभएको र घर भाडा घर खर्च चलाउने र बैक ब्याज चलाउन नसकेको भन्दै सम्पूर्ण व्यवसायीहरुमा निराशा छाएको छ। पुनः कोरोना भाइरसको संक्रमण दिन प्रतिदिन बढ्दो क्रममा रहेकोले र प्रशासनको निर्णयले ८ बजे ब्यबसाय बन्द गर्ने निर्णय भएकोले घर खर्च चलाउने अबस्था छैन यदि होटल तथा पर्यटन व्यवसायीहरुलाइ राज्यले आउदै गरेको २०७८-७९ को बजेट विनियोजन गर्दा यस क्षेत्रलाई कृषि र उद्योग सरहको सहुलियत ऋण पुर्नकर्जा अनुदान र व्यवसायी कर छुट र पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन जस्ता कार्यक्रम समावेश गर्नुपर्नेहुन्छ। यदि आउदो बजेटमा सरकारले ब्यबसायीहरुको माग सम्बोधन गर्न नसकेको अवस्थामा होटलका ताला चाबी सरकारलाइ बुझाउन बाध्य हुने छौ।


सूचना, सन्देश र मनोरञ्जनका लागि सधैं सुन्नुहोस् ।

रेडियो रिपब्लिक ८८.२ आवाज नेपाली को


कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको जिल्ला कपिलवस्तु कृष्णनगर नगरपालिका वडा नं.६ कर्मा बस्ने बिक्रम धारियाको छोरी बर्ष ३२ की पुप्पा धारियाका नामको

### २१ दिने म्याद सम्बन्धि सूचना

वादी जिल्ला कपिलबस्तु कृष्णनगर नगरपालिका वडा न. ६ कर्मा वस्ने बिनोद कुमार धारिया प्रतिवादी तपाई भएको सम्बन्ध विच्छेद मुद्दामा यस अदालतको आदेशानुसार तपाईको नाउको यो म्याद प्रकाशित गरिएको छ। यो म्याद प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक २१ दिन भित्र आफु, आफ्नो कानून व्यवसायी वा आफ्नो वारेश मार्फत प्रतिजत्तर दर्ता गर्न हाजिर हुन आउनुहोला। नआई म्याद गुजारी वसेमा मुद्दा कानुनवमोजिम हुनेछ। पछि तपाईको कुनै उजुरवाजुर लाग्ने छैन। ईति सम्वत २०७८ साल वैशाख १२ गते रोज १ मा शुभम............।


**१५० जना कर्मचारी WANTED !!!**

- होटल म्यानेजर -१ जना, कुक -५ जना, वेटर -१० जना
-एकाउन्टेन्ट -१ जना (कम्तिमा ५-१० वर्षको अनुभवी)
- वेल्डर-१० जना, कार्पेन्टर-१० जना, आल्मुनियम मिस्त्री-६ जना
-घर/गारो बनाउने मिस्त्री-३० जना, घर बनाउने लेबर -५० जना
-हेल्पर अनुभव भएका वा नभएका महिला, पुरुष - ५० जना

सम्पर्क गर्ने अन्तिम मिति: वैशाख १८ गते

सबै कर्मचारीको निशुल्क बिमा र क्रमशः सरकारी सामाजिक सुरक्षा कोष लागु हुने छ।

**डि.के. ग्रुप अफ कम्पनिज लिमिटेड**
बुटवल-११, कालिकानगर
सम्पर्क:९८०२३०१५९७,९८०२३०१५९८,९८०२३०१५७०


प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
सिद्धार्थनगर, रुपन्देही

### घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीको समस्त उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

मेहनतले आर्जन गरेको धनको दुरुपयोग हुन नदिन, स्वास्थ्य तथा शारिरिक हानी नोक्सानी हुन नदिन उपभोग्य सामाग्री उत्पादन तथा खरिद बिक्री गर्दा निम्न कुराहरुमा ध्यान पुऱ्याई सचेत उद्योगी तथा सचेत उपभोक्ताको भुमीका निर्वाह गरौं।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय संचालन गर्ने गरौ। रु. ५ लाख सम्म पुजीं भएका उद्योग/ व्यवसायहरु सम्बन्धित स्थानीय तहमै दर्ता गर्न सकिन्छ।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहोरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं।
- कारोबारस्थलमा साइनबोर्ड तथा मुल्यसुची स्पष्ट देखिने गरी अनिवार्य रुपमा राख्ने गरौं, सामान खरिद/बिक्री गर्दा अनिवार्य रुपमा बिजक लिने/दिने गरौं।
- उपभोक्ताहरुले कुनैपनि सामान खरिद गर्दा उत्पादन गर्ने उद्योगको नाम, दर्ता नम्बर, मुल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ/छैन हेरेर मात्र खरिद गर्ने गरौं।
- कृत्रिम अभाव श्रृजना गरिएको वा कमसल बस्तु बिक्रि वितरण गरेको पाईएमा तथा बस्तुको उपभोगबाट कुनै हानी नोक्सानी भएमा जिल्ला प्रशासन कार्यलय, वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, सम्बन्धित स्थानीय तह वा नजिकको प्रहरी कार्यालयमा जानकारी दिउँ।


Pro. Pramod Kumar Raut
9847196480
9802696480
9846927701



H₂O शुद्ध प्रशोधित पानीको उत्पादक
**Aarushi BEVERAGE INDUSTRIES**
Siddharthanagar-12, Bhairahawa E-Mail: pkraut65@gmail.com
नोट: विवाह, पार्टी, भोज तथा अन्य शुभ अवसरमा पानी चाहिएमा हामीलाई सम्झनुहोस्। साथै होम डेलिभरीको व्यवस्था छ।

धमाका! धमाका!! धमाका!!!
नेपालकै पहिलो एउटै प्याकेटमा ५ वटा वास्नामा ५स्टार अगरवत्तिको नौलो प्रस्तुती
5 Star
एक पटक अवस्य अगरबत्ति बालेर हेर्नुहोस फरक फरक ५ वटा सुगन्ध हरहर। अनि सम्झिरहनु हुनेछ ५स्टार बार बार।
प्रो. ओम शेर्पा
**नमो शिवाली प्रा.लि.**
सि.न.पा-१३ श्रद्धापथ, रुपन्देही,
सम्पर्क.नं. ९८६०४९१८७४


### भ्रष्ट आचार

भ्रष्ट आचार अर्थात भ्रष्टाचार कुनै पनि गर्नाले आफ्नूको चित्त शुद्धि कहिल्यै हुन नसकि परमात्मालाई जान्न र पाउन कहिल्यै पनि नसकिने हुन्छ, साथै अनेक डर , चिन्ता र दुःखको अनुभव भैरहेर आफ्नूको सुख शान्ति कहिल्यै हुँदैन ,यसकारण आ-आफ्नूको सधे सुख-शान्तिका लागि कुनै पनि भ्रष्टाचार कहिल्यै पनि कहीँ कतै नगर्नु सबैका लागि सधैं राम्रो हुन्छ ।

**अद्वैत प्रदीप बलराम जी.सी. सरस्वती, भैरहवा**
**मो.नं. ९८४७०२०७१८**

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **कार्यालय प्रमुख** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह-सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५२४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल